# शैक्षिक परामर्श सेवा,पूर्व तयारी कक्षा तथा भाषा शिक्षण सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्थाहरुलाई संस्था नवीकरण गराउने सम्बन्धी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अत्यन्त जरुरी सूचनाः-

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०७५ साल साउन १४ गते अगावै शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७३(प्रथम संशोधन, २०८१) बमोजिम शैक्षिक परामर्श सेवा / पूर्वतयारी कक्षा / भाषा शिक्षण सम्बन्धी कार्य गर्न अनुमति प्राप्त गरेका संस्थाहरुलाई आ. व २०८१/८२ बाट नबीकरण कार्य गरिने भएकाले यसै सूचनामा उपलब्ध गराइएको **गुगल फारम लिङ्क** मार्फत तोकिएको ढाचामा नवीकरणका लागि अनलाईन निवेदन देहाय बमोजिम गर्न सूचित गरिन्छ । तोकिएको म्याद नाघेर प्राप्त हुने निवेदन उपर कुनै कारवाही नहुने तथा निवेदन प्राप्त नहुने संस्था लाई अनुमति प्राप्त संस्थाको सूचिमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

१) प्रथम चरणको फाराम मिति २०८१ असार १६ गते देखी साउन ०५ गते सम्म माग भएका विवरण पछि सम्म फरक नपर्ने गरी भर्नु पर्नेछ ।

२) मिति २०८१ असार ०६ गतेदेखी साउन १२ गते सम्म मन्त्रालयले प्रथम चरणमा प्राप्तहुने निवेदनहरुको भेरीफिकेशन कार्य गर्नेछ ।

३) प्रथम चरणको फाराम भेरीफाई भए पश्चात संस्थाले उपलब्ध गराएको इमेलमा शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७३(प्रथम संशोधन, २०८१) को अनुसूची ३ बमोजिमको निवेदन र कागजातहरु स्क्यान गरी फाराम साथ प्राप्त हुने निर्देशनको परिधिमा रहेर मितिः २०८१ साउन २७ गते सम्म अपलोड गरिसक्नु पर्नेछ । संस्थाको इमेल सञ्चालन र सुरक्षाको जिम्मेवारी संस्था स्वयंको हुनेछ ।

४) अनलाइन मार्फत बुझाएका निवेदन र कागजातहरुको Hard Copy को फायल तयार पारेर राख्नु पर्नेछ र संस्था अनुगमनको क्रममा आउने अनुगमनकर्तालाई सो फायलबुझाउनु पर्नेछ ।

५) संस्थाले बुझाउन बाँकी रहेको नबीकरण दस्तुर देहाय बमोजिम राजश्व दाखिला गरी भौचर स्क्यान गरेर अपलोड गर्नु पर्नेछ र Hard Copy फायल मा सक्कलै भौचर राखेर बुझाउनु पर्नेछ ।

क) दाखिला गर्ने कार्यालयः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

ख) कार्यालय कोडः ३५०००३५०१

ग) खाता नम्बरः ००१००१०६२००००००

घ) राजश्व शिर्षक नः १४२२९

६) गुगल फर्भ भर्ने लिङ्कः https://forms.gle/wxT६S२L८९EXTQxTP७

७) प्रथम चरणबाट संस्था भेरीफाई भए पश्चात इमेलमा प्राप्त हुने लिङ्कमा समावेश हुनु पर्ने अनुसूची बमोजिमको निवेदन र कागजातको विवरण देहाय बमोजिम छ ।

<u>नवीकरणको लागि दिइने निवेदनको ढाँचा</u>

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखा
सानोठिमी, भक्तपुर ।

विषयः शैक्षिक परामर्श/पूर्वतयारी कक्षा/भाषा शिक्षण कक्षा सञ्चालन अनुमति नवीकरण गरिपाउँ ।

महोदय,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८१। । मा प्रकाशित सूचनाका आधारमा निवेदकले "शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७३" बमोजिम शैक्षिक परामर्श सेवा/पूर्वतयारी कक्षा/ भाषा शिक्षणसम्बन्धी कार्यका लागी प्राप्त अनुमतिपत्रको नविकरकणका लागि देहायका कागजातहरु सँलग्न राखी यो निवेदन पेश गरेको छु। निवेदक संस्था/ कम्पनि मिति २०७५ साउन १४ गतेअगावै देखि नवीकरणको लागि माग गरेको सेवा सञ्चालनको अनुमति प्राप्त संस्था/कम्पनि भएको व्यहोरासमेत अनुरोध गर्दछु। निवेदन र निवेदनसाथ संलग्न प्रमाण कागजातका व्यहोरा साचो हुन्। फरक ठहरे प्रचलित कानून बमोजिम कारवाही भएमा मेरो मञ्जुरी छ।

निवेदकको नाम, थरः

दस्तखतः
संस्थाको नाम, ठेगानाः
अनुमति पत्र नम्बरः
फोन नं :
इमेलः

| |
|---|
| संस्थाको छाप |

<u>संलग्न कागजातहरु</u>

(१) कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

(२) कम्पनी प्रवन्ध पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि।

(३) सञ्चालकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि (सञ्चालक एक भन्दा बढी भए सबै सञ्चालकको समावेश गर्नु पर्ने)।

(४) परामर्श सेवा प्रदान गर्ने कम्तिमा दुइजना परामर्श दाताको शैक्षिक योग्यता, नेपाली नागरिकता र तालीमको प्रमाणपत्रको प्रतिलिपि।

(५) मूअक (VAT) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

(६) कम्पनी अद्यावधिक पत्रको प्रतिलिपि।

(७) कम्पनी /संस्थाको पछिल्लो आवसम्मको करचुक्ता र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि।

(८) मन्त्रालयबाट प्राप्त गरेको सेवा सञ्चालन अनुमति/ स्वीकृतिको प्रतिलिपि।

(९) संस्थाले परामर्श सेवा उपलब्ध गराइ रहेको विश्वविद्यालय वा कलेजसँगको न्यूनतम दुईवटा सहमति पत्रको प्रमाणित प्रतिलिपि ।

(क) विदेशी विश्वविद्यालय वा कलेजसँगको सहमति पत्रको प्रमाणित प्रतिलिपि ।

(ख) स्वदेशी विश्वविद्यालय वा कलेजसँग सहमति पत्रको प्रमाणित प्रतिलिपि ।

(१०) विगत तीन आवमा विदेशी शिक्षण संस्थामा अध्ययनका लागि परामर्श सेवा उपलब्ध गराई पठाएका विद्यार्थीको तहगत विवरण।

(११) परामर्श सेवा सञ्चालन गरेको स्थानको विवरण र सोको लागि आफ्नै स्वामित्व भएको भवन भएको भए सोको प्रमाण वा घर भाडामा भएको भए कम्तिमा दुई बर्ष घरभाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि।

(१२) पछिल्लो आवमा नवीकरण शुल्क बुझाएको रसिदको प्रतिलिपि।

(१३) आ.व-------- देखि आ।व--------सम्म बुझाउन बाँकी नवीकरण दस्तुर वापत .......... बैङ्कमा रहेको राजस्व खाता नं. ............ प्रति आवका लागि निर्धारित रु. .......... का दरले हुन आउने एकमुष्ठ रकम रु. ..........मा जम्मा गरेको सक्कल बैङ्क भौचर।

(१४) निवेदक विरुद्ध कुनै अड्डा अदालतमा मुद्धा चलेको भए सोको विवरण।

(१५) अन्य विवरण ।

क) सञ्चालक/हरुको राष्ट्रिय परिचयपत्र वा सोको नम्बर खुल्ने कागजात ।

*** मिति २०८१/०३/१६ को गोरखापत्रमा प्रथम चरणको फारम गर्ने समय २१ (एक्काइस) दिन हुनपर्नमा अन्यथा भएकोले सच्याई प्रकाशन गरिएको छ ।**